**कोभिड-१९ उपचारका लागि विश्वको सबैभन्दा ठूलो क्लिनिकल ट्रायलको अन्तर्राष्ट्रिय विस्तारण**

कोभिड-१९ उपचारका लागि विश्वको सबैभन्दा ठूलो क्लिनिकल ट्रायल, Randomised Evaluation of COVID-19 Therapy (RECOVERY) Trial, अब अन्तर्राष्ट्रिय स्तरमा विस्तारण भएको छ, जसमा सामेल हुने प्रथम मुलुकहरूमा इन्डोनेशिया र नेपाल छन् | RECOVERY इन्टरनेशनलमा प्रथम बिरामीहरु सहभागी भइसकेका छन् |

अक्सफोर्ड विश्वविद्यालयको नफिल्ड डिपार्टमेन्ट अफ मेडिसिनमा एमर्जिङ्ग इन्फेक्सियस डिसिसेज एन्ड ग्लोबल हेल्थका प्रोफेसर एवम् ट्रायलका संयुक्त प्रमुख अनुसन्धानकर्ता पिटर हर्बीले भने, '३६,००० बिरामीहरु सहभागी भएको र ६ वटा उपचारहरुको स्पष्ट नतिजा दिइसकेको RECOVERY ट्रायल व्यापक सफल भएको छ | अन्तर्राष्ट्रिय साझेदारीको मार्फत यस सफलतालाई विस्तार गर्दै हामी नविन उपचारहरुको मूल्यांकन तीव्र गर्न, परिक्षण नतिजाहरुको विश्वव्यापी प्रासंगिकता बढाउन, क्षमता अभिबृदी गर्न र साना जानकारीहीन अध्ययनमा व्यर्थ प्रयासहरु कम गर्न सक्छौं |'

'कोभिड-१९ को विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने सजिलै उपलब्ध तथा सस्तो उपचार खोज्नु विशेष रूपले महत्त्वपूर्ण छ। RECOVERY इन्टरनेशनलले हामीलाई न्यून-संसाधन भएका ठाउँहरूमा प्रयोग गर्न सकिने प्रभावकारी उपचारहरुको पहिचान गर्न मद्दत गर्नेछ' उनले थपे |

हाल रहेको कुनैपनि उपचारहरु कोभिड-१९ को विरुद्ध प्रभावकारी छन् वा छैनन् भनि अनुसन्धान गर्न, RECOVERY ट्रायल बेलायतमा मार्च २०२० मा तीव्रताका साथ सुरु भएको थियो | यो एनएचएस अस्पतालहरुमा भर्ना भएका सम्पूर्ण बिरामीहरुका लागि खुल्ला छ, जसमा ३६,००० भन्दा बढि बिरामीहरु हालसम्म सहभागी भएका छन् | यो ट्रायलले पहिलेनै उल्लेखनीय परिणामहरू प्रदान गरिसकेको छ, जसले कोभिड-१९ को क्लिनिकल हेरचाह परिवर्तन गरेको छ। यस मध्ये सस्तो स्टेरोइड, डेक्सामेथासोन (the inexpensive steroid, dexamethasone) र टोसिलीजुम्याब (the anti-inflammatory treatment, tocilizumab) पर्छन्, जसले अस्पतालमा भर्ना भएका गम्भीर कोभिड-१९ का बिरामीहरुको मृत्युदर उल्लेखनीय रुपमा घटाएको छ |

इन्डोनेशिया र नेपालमा गरिने ट्रायलले सुरुमा एस्पिरिन (Aspirin) र कोलचिसिन (Colchicine) जस्ता उपचारहरूमा ध्यान दिनेछ, किनभने यी उपचारहरू सजिलै उपलब्ध र सस्ता छन्। तर, बेलायतको RECOVERY जस्तै यो ट्रायल अनुकूली छ र समयको क्रमसँगै यस ट्रायलमा नयाँ औषधिहरु थपिने छन् |

RECOVERY को अन्तर्राष्ट्रिय विस्तारण अक्सफोर्ड युनिभर्सिटी क्लिनिकल रिसर्च युनिट (OUCRU) को लामो समयदेखिको कार्यका कारण सम्भव हुन सकेको हो, जसका युनिटहरू नेपालको काठमाण्डौमा OUCRU Nepal र इन्डोनेशियाको जकार्तामा Eijkman-अक्सफोर्ड क्लिनिकल रिसर्च युनिट, EOCRU छन्। OUCRU Nepal काठमाण्डौमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र पाटन अस्पतालसँग साझेदारीमा रहीआएको छ र यो ट्रायल नेपाल स्वास्थ्य अनुसन्धान परिषदसँगको सहकार्यमा कार्यान्वयन गरिंदै छ | यस RECOVERY ट्रायल इन्डोनेशियामा अक्सफोर्ड विश्वविद्यालय तथा चिकित्सा संकाय, इन्डोनेशिया विश्वविद्यालय (FKUI) र धेरै अस्पतालहरुबीच लामो समयदेखिको अनुसन्धान साझेदारीमा कार्यान्वयन गरिंदै छ |

RECOVERY इन्टरनेशनलका लागि बेलायत फोरेन, कमनवेल्थ एन्ड डेभेलपमेन्ट अफिस (UK Foreign, Commonwealth and Development Office (FCDO)) सँगको साझेदारीमा कोभिड-१९ को

थेरापिउटिक्स एक्सेलेरेटर (COVID-19 Therapeutics Accelerator) को तर्फबाट वेलकम (Wellcome) द्वारा सुरुमा २ वर्ष अवधिका लागि अनुदान प्रदान गरिएको थियो |

FKUI को तर्फबाट इन्डोनेशियामा RECOVERY इन्टरनेशनल नेतृत्व गरिरहनुभएको डा. एर्नी नेल्वानले भने, "हाम्रो अन्वेषकहरुले यस उल्लेखनीय, विश्वव्यापी परिक्षणको हिस्सा हुने अनुभव प्राप्त गर्ने भएको हुनाले हामी एकदम उत्साहित छौं | बदलामा हामी यस ट्रायललाई अझ विविध बिरामी जनसंख्या, जसमा रोगले गम्भिररुपमा असर पारेका बिरामीहरु प्रदान गर्न सक्छौं |'

'RECOVERYले इन्डोनेशियाको स्रोतसाधनलाई अझ प्रभावकारी रुपमा योजना गर्न मद्दत गरिसकेको छ | उदाहरणका लागि यस ट्रायलको नतिजाहरुका कारण, क्लोरोक्वीन/हाइड्रोक्सीक्लोरोक्वीन (chloroquine/hydroxychloroquine) हाल इन्डोनेशियामा कोभिड-१९ उपचारको प्रयोगका लागि सिफारिस गरिँदैन, बरू व्यापक स्तरमा डेक्सामेथासोन (dexamethasone) को प्रयोग गरिँदै छ' डा. राफ हामर्सले भने। उहाँले इन्डोनेशियामा अक्सफोर्ड विश्वविद्यालयको तर्फबाट यस ट्रायलको सह-नेतृत्व गर्नु हुनेछ |

'नेपाली अनुसन्धानकर्ताको टिम अक्सफोर्ड विश्वविद्यालयको RECOVERY ट्रायलमा सम्लग्न हुन पाउँदा एकदमै उत्साहित छन्। कोभिड-१९को सबैभन्दा ठूलो र महत्वपूर्ण निष्कर्ष निकाल्न सक्ने ट्रायलबाट प्राप्त जानकारी न्यून एवम् मध्यम आय भएका देशहरुको सन्दर्भमा पनि प्रासंगिक हुनेछन्' OUCRU Nepal का निर्देशक प्रोफेसर डा. बुद्ध बस्न्यातले भने।

साथै नेपालमा यस ट्रायलको सह-नेतृत्व गर्नुहुने, नेपाल स्वास्थ्य अनुसन्धान परिषदका सदस्य सचिव डा. प्रदिप ज्ञवालीले RECOVERY इन्टरनेशनलले नेपालको लागि अत्यन्त उपयोगी हुने क्षमता राख्ने बताए |

'RECOVERY अन्तर्राष्ट्रिय रुपमा सुरुवात गर्नु विशाल उपलब्धि हो' एम्मानुएल डेनिसले भने, जसले अक्सफोर्ड स्थित प्रमुख RECOVERY टोली र विदेशमा यसका शोध स्थलहरूविच समन्वय गर्नुहुन्छ। 'बेलायतमा ट्रायल तीव्रताका साथ सुरु गर्न सकियो, जसको श्रेय एनएचएस (NHS) को संयुक्त रूपमा काम गर्ने प्रकृतिलाई जान्छ। यस्तो समन्वित पूर्वाधाररहित मुलुकहरूमा यस्ता विशाल ट्रायलहरू हुबहु गर्न झनै चुनौतीपूर्ण हुन्छ। तर, नेपाल र इन्डोनेशियामा शोध साझेदारहरूसँगको दीर्घकालिक सम्बन्धता तथा इच्छाका कारण, हामी यी मुलुकहरूमा ट्रायल गर्न सक्षम भएका छौं।'

वेलकम कोभिड-१९ थेरापिउटिक्सका अगुवा डा. निक क्याम्याकले भने, 'कोभिड-१९ का विरुद्द विश्वभरि प्रयोग गर्न सकिने प्रभावकारी उपचारहरुको खोजिका लागि अन्तर्राष्ट्रिय RECOVERY ट्रायलको सुरुवात एक महत्वपुर्ण क्षण हो | न्यून एवम् मध्यम-आय भएका मुलुकहरूमा सस्तो एवम् सहजै पहुँच हुने उपचारको सम्बन्धमा अनुसन्धान गर्दा परिणामहरूलाई यी मुलुकहरूमा तीव्रताका साथ उपयोग गर्न सकिन्छ।'

'यस नयाँ अनुसन्धानले अन्य रोगहरु, जुन कतिपय देशहरुको स्थानीय रोग हुन्, जस्तै क्षयरोग र एचआइभीले कोभिड-१९ र यसको उपचारहरुमा कसरी असर गर्छ भनेर पनि बुझ्न मद्दत गर्नेछ |'

'कोभिड-१९ रोकथाम र उपचार गर्न सकिने रोग हुन सक्दछ। तर त्यसका लागि हामीले अहिले नै अनुसन्धानमा लगानी गर्नु पर्दछ। हामीले थप मृत्यु र पीडाहरूलाई घटाउनु छ, र स्वास्थ्य प्रणालीमाथिको चाप कम गर्नु छ भने नयाँ उपचारको तयारी जरुरी छ। खोपहरू र जाँचका साथै विविध प्रकारका उपचारहरूको अनुसन्धानमा लगानी, र सबै प्रगतिको विश्वव्यापी निष्पक्ष उपलब्धता सुनिश्चित गर्नु महामारीबाट निकासीको एकमात्र मार्ग हो।'

**कोषदाताहरु**

RECOVERY इन्टरनेशनललाई कोष COVID-19 थेराप्युटिक्स एस्सिलरेटरमार्फत वेलकम ट्रस्ट ग्रान्ट रेफः 222406/Z/20/Z द्वारा उपलब्ध गराइएको छ।

RECOVERY ट्रायलको सञ्चालन नफील्ड डिपार्टमेन्ट अफ मेडिसिनसँगको साझेदारितामा नफील्ड डिपार्टमेन्ट अफ पपुलेशन हेल्थका साथ पञ्जीकृत क्लिनिकल ट्रायल्स युनिटहरूद्वारा गरिंदै छ। ट्रायललाई UK रिसर्च एन्ड इनोभेशन/नेशनल इन्स्टिट्युट फर हेल्थ रिसर्च (NIHR) बाट अक्सफोर्ड विश्वविद्यालयलाई प्राप्त अनुदान तथा वेलकम को NIHR अक्सफोर्ड बायोमेडिकल रिसर्च सेन्टर, बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेशन, फोरेन, कमनवेल्थ एन्ड डेभेलपमेन्ट अफिस, हेल्थ डेटा रिसर्च UK, मेडिकल रिसर्च काउन्सिल पपुलेशन हेल्थ रिसर्च युनिट, र NIHR क्लिनिकल ट्रायल्स युनिट सपोर्ट फन्डिङ्गद्वारा प्रदान गरिएको मूल कोषद्वारा सहायता गरिएको छ।

**थप जानकारीका लागि, कृपया [www.recoverytrial.net/international](http://www.recoverytrial.net/international) मा हेर्नुहोस् ।**